मुटुरोगलगायतका स्वास्थ्य समस्याबाट बच्न
- चिल्लो तथा बोसोयुक्त खानेकुरा कम खाऔं ।
- नियमितरूपमा शारीरिक व्यायाम गरौं ।
- मोटोपन, कोलेस्ट्रोल, उच्च रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले नियमित स्वास्थ्य परीक्षण गरौं ।
- धुम्रपान र मद्यपान नगरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

epratEekdaily.com



निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
epratEekdaily.com

❖ वर्ष ३७ ❖ २०८० मङ्सिर १९ गते मङ्गलवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2023 December 05 Tuesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क ९५

## पक्राउ पुर्जी जारी हुँदा पनि पक्राउ परेनन् वडाध्यक्ष र सङ्गीता

प्रस, वीरगंज, १८ मङ्सिर/

किर्ते मुद्दाका दुईजना अभियुक्तको नाउँमा पर्सा जिल्ला अदालतबाट पक्राउ पुर्जी जारी भएको एक साता बित्न लाग्दा पनि प्रहरीले अभियुक्तहरूलाई पक्राउ गर्न सकेको छैन । जिल्ला प्रहरी कार्यालय, पर्सामा किर्ते मुद्दा दर्ता भई अनुसन्धानको क्रममा पर्सा, बहुदरमाई–२ का वडाध्यक्ष जीतेन्द्र पटेल र सोही वडा बस्ने वर्ष ३६ की सङ्गीत देवीको नाउँमा पक्राउ पुर्जी जारी हुँदा पनि प्रहरीले पक्राउ गर्न नसकेको हो । प्रहरीले फेला पार्न नसकेको अवस्थामा गाउँलेले फरार अभियुक्तहरू लुकिछिपी गाउँमैं बस्दै आएको बताएका छन् ।



फरार वडाध्यक्ष जीतेन्द्र पटेल ।

जिल्ला प्रहरी कार्यालय, पर्साको मुद्दा शाखाकी प्रहरी निरीक्षक मनीषा लौडारीद्वारा पक्राउ पुर्जीसहित मातहतका प्रहरी युनिटलाई लेखिएको पत्रमा यथाशीघ्र पक्राउ गरी जिप्रकामा हाजिर गराउन निर्देशन दिइएको छ । इलाका प्रहरी कार्यालय, पोखरिया, प्रहरी चौकी बहुअर्वाभाठा र विन्ध्यवासिनी प्रहरीलाई यस्तो ताकेदा गरिएको हो । प्रहरी युनिट इन्चार्जहरू अभियुक्तसँग नजीक रहेकाले पक्राउ नपरेका हुन् ।

सोही किर्ते मुद्दाका अर्का अभियुक्त विकासप्रसाद यादव केही दिनअघि जिल्ला प्रहरी कार्यालय, पर्साबाटै पक्राउ परेका थिए । आफ्नै मुद्दाबारेमा सोधपुछ गर्न गएको बेला प्रहरीले उनलाई नियन्त्रणमा लिएको थियो । सङ्गीता देवी पक्राउ परेका विकासकी पत्नी हुन् । प्रहरी चौकी विन्ध्यवासिनीका प्रहरी सहायक निरीक्षक नवलेश तिवारी र इप्रका, पोखरियाका प्रहरी निरीक्षक मोहनविक्रम केसीको लापरवाहीका कारण पर्सा प्रहरीको मातहतका युनिटले पक्राउ गर्न अटेरी गरेको किर्ते मुद्दाका जाहेरवाला प्रमोदप्रसाद यादवको भनाइ छ । प्रमोदका अनुसार नजीकका प्रहरी युनिटका इन्चार्जहरूकै संरक्षणको कारण हालसम्म दुवैजना पक्राउ पर्न नसकेको उनको आरोप छ । प्रहरी युनिट इन्चार्जसँग बुझ्दा समात्न गएको तर नफेला परेको बताउँछन् । तर वडाध्यक्ष पटेल र प्रहरी सहायक निरीक्षक तिवारी निरन्तर सम्पर्कमा तथा प्रत्यक्ष भेटघाटसमेत गरिरहेको एउटा फेला परेको छ । जसमा वडाध्यक्ष पटेल र प्रहरी चौकी विन्ध्यवासिनीका सुरक्षाकर्मीबीच कुराकानी भएको देखिन्छ ।

वडाध्यक्ष पटेलले २०७५ सालमा अधिकारको दुरुपयोग गरी कानूनविपरीत सिफारिश गर्दै विकासप्रसाद यादवकी पत्नीलाई निजकै नक्कली कान्छी आमा बनाएर विगत पाँच वर्षदेखि मृतक बुबाको निवृत्तिभरण बुझ्दै आएको घटना सार्वजनिक भएपछि उक्त घटनामा संलग्नमाथि किर्ते मुद्दा पनि दर्ता भएको छ । सोही मुद्दामा पर्सा प्रहरीले थप अनुसन्धान अघि बढाएको बताएको छ । अभियुक्त पक्राउ गर्ने सवालमा विन्ध्यवासिनीका प्रसनि तिवारीसँग बुझ्दा आफूहरूले प्रयास गरेको तर सम्बन्धित मानिस फेला नपरेको प्रतिक्रिया दिए ।

## गठबन्धन सरकार भ्रष्टाचारमा लिप्त

### –अध्यक्ष ओली

प्रस, वीरगंज, १८ मङ्सिर/

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले जनतालाई भ्रममा पार्न अनेक प्रयत्न भइरहेका बताएका छन् ।

एमालेले सञ्चालन गरेको झुलाघाट–चिवाभन्ज्याङ, समृद्धिका लागि सङ्कल्प



यात्रा अभियान अन्तर्गत कर्णालीको सुर्खेतमा सोमवार आयोजित सभामा अध्यक्ष ओलीले जनतालाई भ्रममा पार्न र लरबऱ्याउन अनेक खालका उत्ताउला कुरा भइरहेका र यस अवस्थालाई चिर्नुपर्ने बताए ।

उनले एमालेले साढे तीन वर्ष सरकार चलाउँदा जनतामा आत्मविश्वास बढाउने काम गरेको दाबी गर्दै सो अवधिमा सरकारप्रति भरोसा बढाएको थियो, विकासको लहर चलाएको थियो, देशमा सुशासन कायम गरेको थियो, समृद्धिको यात्रा अगाडि बढाएको बताएका थिए ।

उनले अहिले गठबन्धन सरकार भ्रष्टाचारमा लिप्त भएको आरोप लगाए । क्विन्टलका क्विन्टल सुन विमानस्थलको भन्सारबाट छिरेर आउने गरेको बताउँदै तस्करीको यत्रो सञ्जाल इतिहासमैं कहिल्यै थिएन, अहिलेको गठबन्धन सरकारको बेलामा यस्तो अवस्था आएको उनले आरोप लगाए ।

अध्यक्ष ओलीले देशमा सामाजिक अराजकता बढेको र सांस्कृतिक अधोपतन भइरहेको तथापि गठबन्धनमा रहेका पार्टीहरू यसप्रति गम्भीर नभएको भन्दै वर्तमान गठबन्धन सरकारको आलोचना गरे । उनले अहिलेको अवस्था एमालेको लागि मात्र होइन सबैका लागि चिन्ताको विषय हुनुपर्ने बताए ।

उनले अहिले चालु आर्थिक वर्षको पहिलो चार महीनामा नै सरकारले कर्मचारीलाई तलब खुवाउन जनतासँग ऋण लिनुपरेको बताए । नेपालको इतिहासमैं यस्तो दुरवस्था कहिल्यै पनि आएको थिएन, देशको बचत ध्वस्त भएको, जनतामा गरीबी बढेर नैराश्यता छाएको, असन्तुष्टि बढेको, युवाहरू निराश र पलायन भइरहेको भन्दै यावत् कुरालाई रोक्न जरुरी भएको बताए ।

अध्यक्ष ओलीले देशको राजनीति बिग्रिँदै गएको भन्दै चिन्ता व्यक्त गरे । देशको राजनीति अन्योल र अराजकताबाट गुज्रिरहेको, कानूनको राज होइन, भ्रष्टहरूको राज र मनपरीतन्त्र चलिरहेको आरोप लगाए ।

सरकार राष्ट्र हित, स्वाभिमान र स्वाधीनताको रक्षा गर्न नसकेको बताउँदै गठबन्धनको सरकार राष्ट्रहितमा अड्न नसकेको भन्दै आलोचना गरे ।

## ग्रामीण क्षेत्रका महिलाहरू पूर्ण स्वास्थ्य सेवाबाट वञ्चित

## असुरक्षित गर्भपतनका लागि सीमावर्ती भारत जान बाध्य

ओमप्रकाश चौधरी, सेढवा, १८ मङ्सिर/

पर्साका ग्रामीण बासिन्दाका महिलाहरू अहिलेसम्म पनि पूर्णरूपमा




स्वास्थ्य सेवा पाउनबाट वञ्चित नै छन् ।

पर्सा जिल्लाका महिलाहरू स्वास्थ्य सेवा अन्तर्गत सुरक्षित गर्भपतन सेवा पाउनबाट वञ्चित छन् । गर्भधारण भएको १२ हप्तासम्म गर्भपतन गर्ने कानूनी व्यवस्था रहे पनि पर्सा जिल्लाका ग्रामीण क्षेत्रमा भने यो सेवा उपलब्ध अझै भइनसकेको स्थानीयले बताएका छन् । ग्रामीण क्षेत्रमा यो सुविधा नभएको कारण सुरक्षित गर्भपतनका लागि वीरगंज धाउनुपरेको उनीहरूले बताए ।

वीरगंजको मेरी स्टोप्समा यो सेवा निश्शुल्क उपलब्ध भएकोले ग्रामीण क्षेत्रका महिलाहरू त्यही जाने गरेका छन् । मेरी स्टोप्सबाहेक सरकारी अस्पताल नारायणी र अन्य निजी अस्पतालहरूमा भने यही सेवा महिलाहरूले शुल्क तिरेर लिनुपर्छ ।

ठोरी, जीराभवानी, जगरनाथपुर, पटेर्वासुगौली, छिपहरमाई, धोबिनी गाउँपालिकालगायत जिल्लाका सबै स्थानीय तहमा स्वास्थ्य संस्था रहे पनि सुरक्षित गर्भपतन सेवा उपलब्ध नरहेको सम्बन्धित पालिकाका स्वास्थ्य शाखाले जनाएका छन् । सो सेवाका लागि तालीम प्राप्त स्वास्थ्यकर्मीहरूको अभाव रहेका कारण यो सेवा अझै सञ्चालन गर्न नसकिएको स्वास्थ्यकर्मीहरूले बताएका छन् ।

ठोरी गापाका स्वास्थ्य शाखा प्रमुख रमेश थिङले सुरक्षित गर्भपतनसम्बन्धी दक्ष जनशक्ति नभएका कारण सेवा सुचारु नगरिएको बताए । सुरक्षित गर्भपतनसम्बन्धी तालीमका लागि प्रदेश स्वास्थ्य तालीम केन्द्रमा माग गरिएको थिङले बताए ।

जीराभवानी गापा–२ सेढवा स्वास्थ्य चौकीका इन्चार्ज ज्ञानकिशोर प्रसादले पाँच वर्षअगाडि यो सेवा सञ्चालनमा रहेको तर सम्बन्धित कर्मचारी सरुवा भएर गएपछि सेवा बन्द रहेको बताए ।

पोखरिया नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख राजेश सोलेन्द्र मिश्रले नगर क्षेत्रभित्र पोखरिया अस्पतालमा मेडिकल र सर्जिकल सुरक्षित गर्भपतन गर्ने सेवा सञ्चालनमा रहेको बताए । उनले मासिक ५५ देखि ६५ जनाको सुरक्षित गर्भपतन गराउँदै आएको बताए । उनले पोखरिया अस्पतालमा नगरपालिकाबाहेक अन्य पालिकाहरूबाट पनि महिलाहरू सुरक्षित गर्भपतनका लागि आउने गरेको बताए ।

पोखरियामा सेवा लिन नसक्नेहरू भने सीमावर्ती भारतीय बजार इनर्वा, भङ्गाहा, मैनाटाँड, सिकटालगायतका बजारमा यो सेवा जोखिमपूर्णरूपमा लिन बाध्य छन् । स्थानीयहरूले सीमावर्ती क्षेत्रमा यो सेवा सर्वसुलभ उपलब्ध हुने गरेकोले जाने गरेको बताएका छन् । भारतीय सीमा क्षेत्रमा यो सेवा लिन जानेहरूमध्ये केही महिलाहरूको मृत्यु पनि भएको छ ।

## मैथिली कवि गोष्ठी सम्पन्न



प्रस, वीरगंज, १८ मङ्सिर/

वीरगंज मैथिली साहित्य परिषद्को आयोजनामा सोमवार कवि गोष्ठी सम्पन्न भएको छ ।

कवि गोष्ठीमा वासुदेवलाल दास, सतीशचन्द्र सजल, दिनेशचन्द्र मिश्र गोपाल, अनिलकुमार कर्ण, शोभाकान्त झा, बृजमोहन झा, भगवान मिश्र, आरती झा, रामचन्द्र मिश्र, निरञ्जन झा, शिव सन्देश, प्रमोदकुमार पाण्डेय गरी ११ जना कविले मैथिली र भोजपुरी भाषामा कविता वाचन गरेका थिए ।

गोष्ठी परिषद्का अध्यक्ष महेश दासको सभापतित्वमा भएको थियो । वीरगंज मैथिली साहित्य परिषद्ले प्रत्येक महीना कवि गोष्ठीको आयोजना गर्दै आएको छ ।

## अस्पताललाई बेन्च सहयोग

प्रस, रौतहट, १८ मङ्सिर/

लुम्बिनी विकास बैंक लिमिटेड, गौर शाखाले सोमवार गौर आँखा अस्पताललाई तीनवटा स्टील बेन्च सहयोग गरेको छ ।

सामाजिक उत्तरदायित्व अन्तर्गत बैंकले अस्पतालमा आउने बिरामी र आफन्तको सहजताको निम्ति तीनवटा स्टील बेन्च उपलब्ध गराएको हो ।

गौर आँखा अस्पताल परिसरमा कार्यक्रम आयोजना गरी बैंकका शाखा प्रबन्धक सुबोध कोइरालाले अस्पतालका

(बाँकी अन्तिम पातामा)

## हिमालयन डिस्टिलरीमा एमालेनिकट ट्रेड युनियन विजयी

प्रस, वीरगंज, १८ मङ्सिर/

वीरगंज महानगरपालिका–१८



सुखचैनास्थित हिमालयन डिस्टिलरी प्रालिमा आधिकारिक ट्रेड युनियनको निर्वाचनमा एमालेनिकट समग्र उद्योग ट्रेड युनियन नेपाल (ह्वीन) विजयी भएको छ ।

प्रत्येक दुई वर्षमा हुने आधिकारिक ट्रेड युनियनको निर्वाचनमा नेपाली काङ्ग्रेसनिकट नेपाल कारखाना श्रमिक सङ्घलाई ११ मतान्तरले पराजित गर्दै एमाले निकट समग्र उद्योग ट्रेड युनियन नेपाल विजयी भएको हो ।

आधिकारिक ट्रेड युनियनको निर्वाचनमा कुल १८२ मतमध्ये १८१ मत खसेको थियो । खसेको मतमा समग्र उद्योग ट्रेड युनियन नेपालले ९४ मत र नेपाल कारखाना श्रमिक सङ्घले ८३ मत प्राप्त गरेका थिए । मतगणनामा पाँच मत बदर भएको निर्वाचन सम्बन्धित कार्य गरेको श्रम तथा रोजगार कार्यालय, पर्साले जनाएको छ । निर्वाचनबाट समग्र उद्योग ट्रेड युनियन नेपालका ज्ञानेन्द्र पटेल

(बाँकी अन्तिम पातामा)

**विचारसार र सुक्तिहरू**

**ससाना निर्णयबाट नै ठूलो सफलता हात लाग्छ ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आरके पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रकः प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१- ५२३१०५, ५२५१२२
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


## सडकबत्ती

**सङ्घीय अर्थ मन्त्रालयले सडकबत्तीको महसूल सम्बन्धित पालिकाहरूबाटै असुलउपर गर्न नेपाल विद्युत् प्राधिकरणलाई निर्देशन दिएको छ । सो निर्देशन लगत्तै प्राधिकरणले पनि सार्वजनिक सूचना जारी गर्दै सडकबत्तीको बक्यौता महसूल तत्काल भुक्तानी गर्न पालिकाहरूलाई आग्रह गरेको छ । मिटर जडान नगरेका सडकहरूमा एक हप्ताभित्र मिटर जडान गराउन मातहतका निकायलाई प्राधिकरणले निर्देशन दिएको छ । प्राधिकरणले वित्तीय पुनर्संरचनाको एउटा प्रस्तावमा सडकबत्तीसहित सरकारी कार्यालयहरूको नाममा रहेको बक्यौता महसूल सरकारसँगको हिसाबमा मिलान गर्ने उल्लेख थियो । यस्तो प्रस्ताव औपचारिकरूपमा नै आउने थाहा भएपछि सडकबत्तीसहित विभिन्न सरकारी निकायबाट प्राधिकरणलाई भुक्तानी हुन बाँकी बक्यौता महसूल सम्बन्धित कार्यालयबाट नै असुलउपर गर्न अर्थ मन्त्रालयले प्राधिकरणलाई निर्देशन दिएको हो । मुलुकका ३३१ पालिकामा गत असारसम्मको सडकबत्तीको बक्यौता छ अर्ब आठ करोड रुपैयाँभन्दा बढी रहेको प्राधिकरणको आँकडा छ। यो बक्यौता अधिकांश पालिकाको २०७४ सालपछिको हो। यो त मिटर जडान भएका सडकबत्तीहरूको बक्यौता महसूल मात्रै हो ।**

**मुलुकका ७५३ स्थानीय तहमध्ये ६४ वटा स्थानीय तह छाडेर ६८९ वटा स्थानीय तहले कुनै न कुनै रूपमा विद्युत् उपभोग गरिरहेका छन् । जस्तै सोमध्ये दुईवटा वडामा मात्रै बिजुली पुगेका पालिकाहरू ५१ छन् । एक वा दुईवटा वडामा बिजुली पुगे पनि त्यस वडाका सडकमा बत्ती बलेका छन् । उसो हो भने ३३१ वटा पालिकाको बक्यौदा महसूलको अभिलेख आउँदा ३५८ वटा पालिकाको अभिलेख आउन सकेको छैन । यसको मतलब केही पालिकाले सडकबत्तीको महसूल नियमितरूपमा बुझाइरहेको भए तापनि धेरैवटा पालिकामा सडकबत्तीको मिटर जडान भएकै छैन । बारा, पर्साजस्तो सुगम मानिएका जिल्लाका अधिकांश पालिकामा सडकबत्तीको रिडिङ मिटर जडान भएकै छैन भने दूरदराज, भौगोलिक विकट एवं प्रशासनिक दृष्टिभन्दा दूरीमा अवस्थित स्थानीय तहका सडकबत्तीमा सो मिटर जडान हुने कुरै भएन । यसले प्राधिकरणको ठूलो रकम सडकबत्तीमा खेर गइरहेको छ । जहाँ मिटर जडान भएको छैन, त्यहाँको सडकबत्तीमा खर्च भइरहेको विद्युत ऊर्जा चुहावटको रूपमा दर्ज भएका छन् । यसले प्राधिकरण हुँदै मुलुकलाई घाटा छ ।**

**सडकमा बत्ती हुनैपर्छ । सडकबत्तीले सम्बन्धित क्षेत्र तथा स्थानको सौन्दर्यीकरण त गर्छ नै, यसले सडक सुरक्षामा ठूलो भूमिका निर्वाह गरिरहेको हुन्छ। अनगिन्ती यात्रु रातबिरात सडकमा हुन्छन् । सडक सुरक्षित भए यात्रुको जीवन सुरक्षित हुन्छ । सवारीसाधनमा हुईंकिने यात्रु हुन् वा पैदल यात्रु हुन्, सडकमा बत्ती छ भने आफूलाई सुरक्षित महसूस गर्छन् । नागरिकको जीवन तथा सुरक्षासँग जोडिएको पूर्वाधार सडकबत्तीको महसूल सरकारले भुक्तानी दिनुपर्ने हो । यस्तै, अति आवश्यक पक्षहरूको व्यवस्थापनका लागि नागरिकले जन्मदादेखि मृत्यु हुँदासमेत सरकारलाई कर बुझाएका छन् । तर पनि सङ्घीय अर्थ मन्त्रालयले पालिकाबाटै असुल गर्नु भनी प्राधिकरणलाई निर्देशन दिनु नराम्रो भने होइन । पालिका पनि एउटा सरकार हो । पालिकामा ठूलो रकम सङ्घबाट विनियोजन भएर आउने हो । अर्को कुरा के पनि हो भने जसले खर्च गरेको हुन्छ, उसले संरक्षण पनि गर्छ । पालिकाबाट रकम तिर्नुपर्ने भएपछि सडकबत्तीको दुरुपयोग नियन्त्रणमा पालिका अग्रसर हुनेछ र यसमा स्थानीय नागरिकको पनि चासो जाग्नेछ । अन्यथा जथाभावी अनधिकृतरूपमा सडकबत्ती जडान गर्ने र दिउँसो पनि बत्ती बालेर राख्ने हाम्रो प्रवृत्ति छ ।**

# नेपालमा साइबर सुरक्षा जागरूकताको विकास

स्वतन्त्र विचार




राजेन्द्रप्रसाद कोइराला
A Phd scholar
rajendrakoirala20@gmail.com


**नेपाल साइबर अपराधको उच्च जोखिममा छ किनभने राष्ट्रमा उपयुक्त कानूनी ढाँचा र यी अपराधहरूलाई कसरी व्यवहार गर्ने भन्नेबारे सामान्य चेतनाको अभाव छ। हालैका वर्षहरूमा साइबर आक्रमणको प्रवृत्तिमा यो स्पष्ट भएको छ ।**

डिजिटलाइजेशनको लहर संसारभरका व्यवसायहरूमा फैलिएको छ, बलियो साइबर सुरक्षा उपायहरूको आवश्यकता पहिलेभन्दा बढी महत्त्वपूर्ण हुन गएको छ ।

कुनै पनि संस्थाको दक्षता र विश्वसनीयता अब दैनिक कार्यहरूमा अत्याधुनिक प्रविधिहरू समावेश गर्नमा धेरै निर्भर गर्दछ । कम्पनीहरूलाई सम्बोधन गर्न र यस प्रतिस्पर्धी युगमा फस्टाउन साइबर सुरक्षाको दायरालाई फराकिलो पार्नु निकै ठूलो चुनौती हाम्रो जस्तो अविकसित देशमा देखिएको छ।

बढ्दो सङ्ख्यामा व्यवसायहरूले कृत्रिम बुद्धिमत्ता (AI), मेशीन लर्निङ (ML) र इन्टरनेट अफ थिंग्स (IoT) जस्ता उपकरणहरू प्रयोग गरिरहेका छन् । यी उपकरणाहरूले व्यवसायहरूलाई स्वचालित प्रक्रियाहरूद्वारा, ठूला डाटासेटहरूबाट बहुमूल्य जानकारी निकाल्न र निर्णय लिन सुधार गर्न ठूलो मदत गर्छन् ।

यन्त्रहरू र प्रणालीहरूको अन्तरसम्बन्धले ठूलो आक्रमण सतह सिर्जना गर्दछ, जसले साइबर आक्रमणलाई सहज गरिदिन्छ । र्‍यान्समवाएर (अवैधानिक कम्प्युटर ह्याकिङ) आक्रमणहरू र जटिल फिसिङ योजनाहरू अधिक सामान्य हुँदै गएपछि, सङ्गठनहरू जोखिम कम गर्न र डिजिटल इकोसिस्टमको सहज सञ्चालनको प्रत्याभूति गर्न सक्रिय हुन आवश्यक छ। २०२२ मा मात्र सङ्गठनहरूले विश्वव्यापीरूपमा ४९३.३३ मिलियन र्‍यान्समवाएर आक्रमणहरूको सामना गर्‍यो। यी आक्रमणहरूले संवेदनशील जानकारीमा सम्झौता गर्ने, प्रतिष्ठालाई नोक्सान गर्ने र आर्थिक नोक्सान हुने खतरालाई प्रतिनिधित्व गर्दछ ।

यी पछिल्लो विकसित साइबर सुरक्षा चुनौतीहरूको प्रतिकार गर्न राष्ट्रहरूले आफ्नो रक्षा संयन्त्रलाई बलियो बनाउनु आवश्यक छ । विश्वव्यापी साइबर सुरक्षाको लागि २०२३ को अन्त्यसम्ममा अमेरिकन डलर १६६.२० बिलियन पुग्ने अनुमान गरिएको छ । यो विश्वव्यापी प्रवृत्तिले ठोस साइबर सुरक्षा नीति र उपायहरूमा लगानी गर्न नेपाललगायत देशहरूको महत्त्वलाई उजागर गर्दछ । यसो गर्दा व्यापारिक वातावरण सुरक्षित हुनेछ, संवेदनशील जानकारीको सुरक्षा हुनेछ र विकसित साइबर खतराहरूविरुद्ध नियमन गर्न सहज हुनेछ ।

**नेपालको वर्तमान साइबर सुरक्षा परिदृश्यः**

नेपाल साइबर अपराधको उच्च जोखिममा छ किनभने राष्ट्रमा उपयुक्त कानूनी ढाँचा र यी अपराधहरूलाई कसरी व्यवहार गर्ने भन्नेबारे सामान्य चेतनाको अभाव छ। हालैका वर्षहरूमा साइबर आक्रमणको प्रवृत्तिमा यो स्पष्ट भएको छ। २०२३ जूनमा ह्याकरहरूको समूहले नेपाली ट्राभल एन्ड टुर अपरेटरहरूको टिकट बिक्री प्रणाली तोडेर रु दुई करोडभन्दा बढी नोक्सान पुर्‍यायो। ग्लोबल डिस्ट्रिब्युसन सिस्टम (GDS) कम्पनीहरूको आडमा फिसिङ इमेलहरूले यो ठूलो नोक्सान निम्त्यायो। सम्बन्धित विषयको ज्ञानको कमी र अपर्याप्त सुरक्षा जागरूकताको कारणले गर्दा यस्ता फिसिङ इमेलहरूमार्फत यस्ता साइबर आक्रमणहरू हुने गर्छ ।

सरकारी एकीकृत डाटा सेन्टर (GIDC)मा रहेको सरकारको केन्द्रीय डाटा बैंकमा साइबर आक्रमणका कारण जनवरी २०२३ को अन्त्यमा करीब १,५०० सरकारी वेबसाइटहरू अवरुद्ध हुनु साइबर अपराधको विकसित प्रकृतिको सामनामा नेपालीहरूको बढ्दो जोखिमलाई रेखाङ्कित गर्ने अर्को घटना हो ।

यो कुरा विचारणीय छ कि व्यवसाय, सरकारी एजेन्सीहरू र आम जनता अझै पनि नेपालमा साइबर सुरक्षा जोखिमहरू र उत्कृष्ट अभ्यासहरूबारे पूर्ण बुझाइको अभावमा छन् । ज्ञानको कमी प्रभावकारी साइबर सुरक्षा लागू गर्न बाधक हुन पुग्छ, जसले नेपाललाई साइबर आक्रमणको लागि बढी संवेदनशील बनाउँछ। यसलाई सम्बोधन गर्दै देशमा लचिलो साइबर सुरक्षा प्रणाली निर्माण गर्न आवश्यक छ। नत्रभने आउँदा दिनमा यसको जोखिम झन् विकराल हुन सक्छ।

**मान्छे, प्रक्रिया र प्रविधि**

साइबर सुरक्षा प्राविधिक समस्या मात्र होइन, व्यावसायिक जोखिम हो र त्यसलाई व्यक्ति, प्रक्रिया र प्रविधिसँग तुलनात्मकरूपले अध्ययन गरी निदानका उपायहरू अपनाइनुपर्दछ । कुनै पनि साइबर सुरक्षा रणनीतिमा मानिसहरू रक्षाको पहिलो रेखा हुन् । उनीहरूले सुरक्षा प्रक्रियाहरू अनुसरण गर्नु आवश्यक हुन्छ र साइबर सुरक्षा वृद्धि गर्न मानिसहरूलाई सचेत गराउनु अपरिहार्य हुन आउँछ । कम्पनीका कर्मचारीहरूलाई सम्भावित खतराहरू, फिसिङ योजनाहरू, सामाजिक इन्जिनीयरिङ प्रविधिहरू र सुरक्षा कायम राख्नका लागि चाहिने अभ्यासहरूबारे जानकारी गराउन सुरक्षा जागरूकता प्रशिक्षणहरू उपलब्ध गराइनुपर्दछ । यसको बारेमा हामी ज्यादै पछाडि छौं।

दोस्रो, एक कुशल साइबर सुरक्षा ढाँचालाई स्पष्टरूपमा परिभाषित र लगातार लागू हुने प्रक्रियाहरूको सेट चाहिन्छ । यसले जोखिम व्यवस्थापन, घटना प्रतिक्रिया र जोखिम व्यवस्थापनका लागि प्रक्रियाहरू समावेश गर्दछ। क्षति न्यूनीकरण गर्नको लागि सुरक्षा घटनाहरूको पहिचान, मूल्याङ्कन र प्रतिक्रियाको लागि स्पष्ट प्रक्रिया चाहिन्छ।

अन्तमा, रक्षा योजनाको प्राविधिक आधार साइबर सुरक्षा प्रविधि हो। यसले सुरक्षा नियन्त्रणहरू जस्तै घूसपैठ पत्ता लगाउने प्रणालीहरू, एन्टिभाइरस कार्यक्रमहरू, एन्क्रिप्शन प्रविधिहरूलाई भित्र्याउन सक्छ, जसले गर्दा द्रुतरूपमा धम्कीहरू पहिचान गर्न र बेअसर गर्न, नेटवर्क गतिविधिलाई निरन्तर निगरानी गर्न र अत्याधुनिक खतरा पत्ता लगाउन ठूलो भूमिका खेल्न सक्छ।

# कोप २८: जीवाश्म इन्धन छाडेर स्वच्छ ऊर्जातर्फको यात्रामा विश्वजगत्

काठमाडौं, १८ मङ्सिर/रासस

संयुक्त अरब इमिरेट्स (युएई)मा जारी जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय सम्मेलन (कोप-२८) मा अधिकांश देश नवीकरणीय र हरित ऊर्जा उत्पादनलाई बढावा दिंदै जीवाश्म इन्धनको प्रयोगलाई न्यून गर्दै जान तयार देखिएका छन्।

कोप-२८ को सचिवालयका अनुसार जलवायु परिवर्तनको नकारात्मक प्रभावबाट बच्न सन् २०३० सम्म कार्बन उत्सर्जनलाई झन्डै आधाले घटाउने विषय पनि उत्तिकै मुखररूपमा उठेको र सहमतिको नजीक पुगेका छन्। त्यसका लागि साझा प्रयास र दृष्टिकोणको आवश्यकता रहेकामा अधिकांशको समान मत छ। नवीकरणीय ऊर्जाको बढोत्तरी गर्दै गएर सन् २०५० सम्म शून्य कार्बन उत्सर्जनको नीतिलाई व्यावहारिकरूपमा लागू गर्नसमेत सहभागी राष्ट्र तयार देखिएका छन्।

कोइला, तेल र ग्याँसजस्ता जीवाश्म इन्धनको अत्यधिक प्रयोगका कारण विश्वव्यापीरूपमा जलवायु परिवर्तनको असर परेको छ । नवीकरणीय ऊर्जा त्यसमा पनि नेपालजस्ता देशले जलविद्युत् क्षेत्रलाई प्राथमिकतामा राखेर आफ्ना नीति तथा कार्यक्रम अगाडि बढाएको छ।

हरित ऊर्जा उत्पादनमा नेपालले गरेको प्रगति विश्व समुदायका लागिसमेत प्रेरणाको विषय बन्दै गएको छ। कोप-२८ मा नेपालले सञ्चालन गरेको नेपाल मण्डपमा समेत यस विषयमा बढी चासो राखिएको छ । सम्मेलनमा सहभागी ऊर्जा, जलस्रोत तथा सिंचाइमन्त्री शक्तिबहादुर बस्नेतका अनुसार नवीकरणीय ऊर्जा र त्यसमा पनि कार्बन सञ्चितिमा योगदान गरेको नेपालको जलविद्युत् क्षेत्रबारे धेरैको चासो देखिएको छ ।

हरितगृह ग्याँस उत्सर्जनमा जीवाश्म इन्धनको भूमिका ७५ प्रतिशत बराबर छ । जीवाश्म इन्धनको निर्भरता कम गर्दै स्वच्छ, पहुँचयोग्य, किफायती, दिगो र भरपर्दो ऊर्जाको वैकल्पिक स्रोतमा थप लगानीको आवश्यकता बढेर गएको छ। त्यसका लागि प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले अन्तर्राष्ट्रिय लगानीकर्तालाई आह्वानसमेत गरिसकेका छन्।

नवीकरणीय ऊर्जाका स्रोत सूर्य, हावा, पानी, फोहोर र पृथ्वीको तापबाट उपलब्ध हुन्छ । त्यसमा थप लगानी विस्तार गर्नु जरुरी भइसकेको छ। ती स्रोत प्रकृतिबाट पुनः प्राप्त गर्न सकिन्छ र हावामा हरितगृह ग्याँस वा प्रदूषक उत्सर्जन गर्दैन ।

'क्लाइमेट एक्सन'का अनुसार जीवाश्मको योगदान इन्धन अझै पनि विश्वव्यापी ऊर्जा उत्पादनमा ८० प्रतिशत बढीमा छ। विश्वव्यापीरूपमा हाल करीब २९ प्रतिशत विद्युत् नवीकरणीय स्रोतबाट प्राप्त भइरहेको छ ।

नेपालमा पनि स्वच्छ ऊर्जाको पहुँच विस्तारका विषयमा सकारात्मक पहल भएपनि सक्रिय हस्तक्षेप अझै हुन नसकेको यथार्थता विद्यमान छ । ऊर्जामा सङ्क्रमणको गतिलाई बढोत्तरी गर्नु आजको प्रमुख आवश्यकता देखिएको छ।

विश्व जनसङ्ख्याको लगभग ८० प्रतिशतभन्दा बढी मानिस जीवाश्म इन्धनको शुद्ध आयातकर्ता देशमा बसोबास गर्छन् । ती मानिस त्यस्ता देशबाट जीवाश्म इन्धनमा निर्भर छन् । जसले पटकपटक भूराजनीतिक झटका र सङ्कटका कारण आर्थिकरूपमा समेत समस्या भोग्नुपरेको छ। युक्रेन-रसिया युद्धका कारण विश्व बजारमा परेको प्रभावको पछाडि पनि यस विषयलाई लिन सकिन्छ।

त्यसका अलावा नवीकरणीय ऊर्जा स्रोत अधिकांश देशमा उपलब्ध छन् र त्यसको पूर्ण उपभोगसमेत हुन सकेको छैन । अन्तर्राष्ट्रिय नवीकरणीय ऊर्जा एजेन्सीले सन् २०५० सम्ममा विश्वको ९० प्रतिशत विद्युत् नवीकरणीय ऊर्जाबाट आउने र आउन सक्ने अनुमान गरेको छ।

नेपालको हकमा हाल ९८ प्रतिशत घरधुरीमा बिजुलीको पहुँच पुगेको छ। आगामी दुई वर्षभित्र शतप्रतिशत नेपालीको घरधुरीमा बिजुली उपलब्ध गराउने सरकारको योजना छ । बिजुलीको पहुाच पुगेका अधिकांश घरधुरीमा विद्युतीय भान्साको उपलब्धतामा वृद्धि गर्नेदेखि विद्युतीय सवारीसाधनको प्रवर्द्धन गर्नु उत्तिकै आवश्यक छ।

सरकारले त्यसका लागि सार्थक प्रयास गरिरहेको छ। ऊर्जा मन्त्रालयले आन्तरिक विद्युत् खपत योजना नै कार्यान्वयनमा ल्याएको छ । इन्डक्सन चुलोको आयातमा समेत वृद्धि भएको छ। विद्युतीय सवारीसाधन प्रयोग गर्ने मानिसको सङ्ख्यामा बढोत्तरी हुँदै गएको छ।

भन्सार विभागको पछिल्लो विवरण अनुसार गत असोज मसान्तसम्म एक हजार २३७ वटा विद्युतीय सवारीसाधन आयात भएका छन्। चालू आर्थिक वर्षको तीन महीनामा मात्रै रु पाँच अर्ब १७ करोड ७१ लाख बराबरका दुई हजार १३५ वटा विद्युतीय सवारीसाधन आयात भएका छन् । यो विवरणले क्रमशः जीवाश्म इन्धनमाथि विद्युतीय ऊर्जाको हस्तक्षेपका रूपमा लिएको पुष्टि हुन्छ ।

समावेशी आर्थिक वृद्धि, नयाँ रोजगार र गरीबी उन्मूलन पर्यावरण संरक्षण, हिमाल र पहाडको दीर्घ जीवनको एजेन्डा कोप-२८ को प्रमुख कार्यसूची बनेर छलफल भइरहेको छ । यसले ऊर्जाको निर्भरताबाट बाहिर निस्कने मार्ग प्रदान गर्ने विश्वास लिइएको छ । यसले अर्थतन्त्रलाई विविधीकरण गर्न र जीवाश्म इन्धनको अप्रत्याशित मूल्यवृद्धिबाट कमजोर देशलाई बचाउन सहयोग पुर्‍याउनेछ ।

नवीकरणीय ऊर्जा विश्वका अधिकांश देशका लागि सबैभन्दा सस्तो विकल्प हो। नवीकरणीय ऊर्जा प्रविधिको मूल्य तीव्रत्तररूपमा घट्दै गएको छ । संयुक्त राष्ट्रसङ्घको क्लाइमेट एक्सनका अनुसार सन् २०१० र २०२० का बीचमा सौर्य ऊर्जाबाट हुने बिजुलीको लागत ८५ प्रतिशतले घटेको छ ।

यस्तै, वायु ऊर्जाको लागत क्रमशः ५६ प्रतिशत र ४८ प्रतिशतले ओरालो लागेको छ। घट्दो मूल्यले नवीकरणीय ऊर्जाको लागत न्यून र मध्यम आय भएका नेपालजस्ता देशका लागि सहयोगी बनेको छ। वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रका अनुसार चालू आर्थिक वर्षदेखि नै हरित जलवायु कोषको सहयोगमा पाँच वर्षे खाना पकाउने स्वच्छ ऊर्जा कार्यक्रममार्फत तराईका २२ जिल्लामा १५० स्थानीय तह छनोट गरी कार्यान्वयन गर्ने लक्ष्य राखेको छ ।

सो कार्यक्रममार्फत पाँच लाख विद्युतीय चुलो, चार लाख ९० हजार सुधारिएको चुलो, १० हजार घरधुरीमा बायोग्याँस प्रविधिको प्रवर्द्धन गरिनेछ । सो कार्यक्रम लागत साझेदारीमा अगाडि बढाउने लक्ष्य राखिएको केन्द्रका कार्यकारी निर्देशक नवराज ढकालको भनाइ छ ।

नवीकरणीय स्रोतबाट प्राप्त हुने सस्तो बिजुलीले सन् २०३० सम्म विश्वको कुल बिजुली आपूर्तिको ६५ प्रतिशत बराबरको योगदान गर्ने प्रक्षेपण गरिएको छ। यसले ठूलो मात्रामा कार्बन उत्सर्जन कटौती गर्न र जलवायु परिवर्तनलाई कम गर्न सहयोग पुग्ने विषयमा कोप-२८ मा

(बाँकी तेस्रो पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४४८

## अन्तर्राष्ट्रिय समाचार

# गुरुग्राममा पोर्टेबल मोबाइल अस्पताल शुरू

## २०० जनाको घटनास्थलमैं तत्काल उपचार गर्न सकिने

नयाँ दिल्ली, १८ मङ्सिर/एएनआई

भारतको गुरुग्राममा विश्वकै पहिलो पोर्टेबल अस्पताल निर्माण गरिएको छ। 'आरोग्यमैत्री घन' नाम दिइएको यो अस्पताल शनिवार गुरुग्राममा शुरू भारत स्वास्थ्य पहल) फोर्सका प्रमुख एयर भाइस मार्शल तन्मय रायले यस्तो सेवा विस्तारबाट कुनै पनि विपत्तिका बेला १५ मिनेटभित्र सर्जिकल स्टेशन स्थापनासहित सेवा प्रवाह गर्न सकिने दावी प्रभावित कुनै पनि विकासोन्मुख देशलाई अत्यावश्यक चिकित्सा सामग्री उपलब्ध गराउने नयाँ दिशामा ढोका पनि खोलेको छ।

'आरोग्यमैत्री' परियोजना विश्वव्यापी




गरिएको हो। स्वदेशी डिजाइनमा निर्माण गरिएको यो अस्पतालबाट घाइतेको उपचारको लागि घटनास्थलमा पुऱ्याएर एक घण्टाभित्र जडान गरी तुरुन्त उपचार सेवा शुरू गर्न सकिन्छ।

प्याकर्स प्रोडक्ट्सका प्रबन्ध निर्देशक अमित चौधरीले दिएको जानकारी अनुसार 'आकस्मिक स्थलमा पुगेको एक घण्टाभित्रै जोडजाड (एसेम्बल) गरी स्थापना गर्न सकिने यो अस्पताल हामीले आफ्नै मौलिकतामा आधारित भएर डिजाइन गरेका हौं।"

"यो कुनै पनि आपत्कालीन क्षेत्रमा वा प्रकोप प्रभावित क्षेत्रमा घाइतेलाई तत्काल उपचार पुऱ्याउन प्रयोग गर्न सकिन्छ। चाहे त्यो भूकम्प, बाढी, ढहेलो, आगलागी वा युद्ध प्रभावित क्षेत्र किन नहोस् यो अस्पताल उत्तिकै सहज र प्रभावकारी छ," उनले भने।

युद्धग्रस्त क्षेत्रमा तत्काल पुऱ्याएर गोली लागेको घाउको समेत चिरफार उपचार गर्न सकिन्छ। अत्यावश्यक स्थानमा पुऱ्याएर कुनै पनि समयमा दुई सयजनासम्म बिरामीको उपचार गर्न सकिने यो अस्पताल दुर्गम स्थानका निम्ति वरदान नै साबित हुन सक्छ।

भीष्म (सहयोग हित र मैत्रीका लागि गरेका छन्।

"जब यो क्युब अस्पताल विपत्ति भएको स्थानमा पुग्छ, त्यहाँ घाइतेहरूको उपचारका निम्ति आवश्यक सबै सुविधा एकै साथ उपलब्ध हुन्छन्। हामीसँग सबै सेवासुविधाहरू उपलब्ध छन्। घटनास्थलमा आइपुगेको १५ मिनेटभित्रमा प्रारम्भिक काम गर्न सकिन्छ, जुन मेरो जानकारीमा भएसम्म अरू कुनै एजेन्सीले पनि शुरू गर्न सकेका छैनन्।"

प्रधानमन्त्री नरेन्द्र मोदीद्वारा शुरू गरिएको र स्वास्थ्य मन्त्रालय, रक्षा मन्त्रालय र राष्ट्रिय सुरक्षा परिषद्द्वारा संयुक्तरूपमा विकसित गरिएको "आरोग्यमैत्री परियोजना"को यो नवीनतम उपलब्धि हो।

यसले भारतको मानवीय उद्धार प्रयास र आपत्कालीन प्रतिक्रिया क्षमतामा आमूल परिवर्तनको प्रतिनिधित्व गर्छ। यस परियोजना अन्तर्गत भारतले प्राकृतिक प्रकोप वा मानवीय सङ्कटबाट स्वास्थ्य सेवा विस्तारमा अग्रणी संस्थाको रूपमा विकसित भएको छ। साथै यस परियोजनाको प्रमुख अवयव "अभिनव आरोग्यमैत्री एड क्युब, "एक मोडुलर ट्रमा व्यवस्थापन र सहायता प्रणाली हो, जुन शान्ति वा युद्धको समयमा, सामूहिक हताहतीका घटनामा द्रुतरूपमा तैनाथ गराउनका लागि डिजाइन गरिएको हो। निर्माताका अनुसार यो विशेष परियोजना "प्रोजेक्ट भीष्म" नामको बृहत् पहलको एक भाग हो। 'सहयोग, हित र मैत्रीका लागि भारत स्वास्थ्य पहल – द्रुत प्रतिक्रिया र व्यापक हेरचाह'को नारालाई जोड दिँदै २०० घाइतेको उपचार गर्न तयार पारिएको यो अस्पताल भारतको महत्त्वपूर्ण उपलब्धि हो।

सामूहिक हताहतीका घटनाहरूको सामना गर्न र घटनास्थलमा अत्यावश्यक आधारभूत सहायतादेखि उन्नत चिकित्सा र सर्जिकल हेरचाहसम्मका सुविधा यस मोबाइल अस्पतालमा उपलब्ध हुनेछन्। रासस

## मृत्यु हुने प्यालेस्टिनीको सङ्ख्या १५ हजार

गाजा, १८ मङ्सिर/सिन्हवा

गत अक्टोबर ७ देखि हालसम्म गाजापट्टीमा इजरायली हमलामा मर्ने प्यालेस्टिनीहरूको सङ्ख्या १५ हजार ५२३ पुगेको हमासको स्वास्थ्य मन्त्रालयले आइतवार बताएको छ।

मन्त्रालयका प्रवक्ता असरफ अल–किद्राले पत्रकार सम्मेलनमा स्वास्थ्य सेवाहरू प्रभावित हुँदा प्यालेस्टिनी परिसरमा घाइते मानिसको सङ्ख्या ४१ हजारभन्दा बढी भएको जानकारी दिए।

उनका अनुसार उत्तरी गाजाका अस्पताल आवश्यक स्वास्थ्य सेवा प्रदान गर्न असमर्थ भएकाले सयौं घाइतेको उपचार अत्यन्त सीमित चिकित्सा उपकरणबाट जमीनमा भइरहेको छ।

उनले गाजापट्टीका सबै अस्पतालमा चिकित्सा र शय्या क्षमताभन्दा बढी सेवा प्रवाह गर्नुपर्ने बाध्यताले गम्भीर रोगहरूको उपचार गर्न संसाधनको कमी रहेको बताए।

घाइतेहरूको उपचार विदेशमा गर्ने अनुमति दिने सुस्त व्यवस्थाको आलोचना गर्दै किद्राले इजरायल–हमास युद्ध शुरू भएपछि ४०३ मानिसलाई मात्र उपचारका लागि गाजापट्टी छाड्ने अनुमति दिइएको उल्लेख गरे।

चिकित्सा आपूर्ति, औषधि र इन्धनको प्रवाह सुनिश्चित गर्नका लागि सुरक्षित मानवीय मार्गको माग दोहोऱ्याउँदै उनले घाइते र रोगीहरूलाई सहज उपचारका लागि विदेश जान अनुमति दिन आग्रह गरे। रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष — कार्यनाश | वृष — उदरपीडा |
| मिथुन — पराक्रमवृद्धि | कर्कट — कान्तिक्षय |
| सिंह — भाग्योदय | कन्या — बेचैनी |
| तुला — मनोरञ्जन | वृश्चिक — सफलता |
| धनु — राज्यभय | मकर — वादविवाद |
| कुम्भ — यात्रालाभ | मीन — कष्टापरिश्रम |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।
बिल, बुक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com





**हुम्लामा हिमपातः** हुम्लामा आइतवार रातिदेखि भएको हिमपात। हिमपातपछि अत्यधिक चीसोका कारण जनजीवन कष्टकर बनेको छ। तस्बिर: दाने बोहरा/रासस

## नेप्से परिसूचक घट्यो

काठमाडौं, १८ मङ्सिर/रासस

सातामा कारोबारको दोस्रो दिन पनि नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचकको ओरालो यात्रा कायमै देखिएको छ। आइतवार सात दशमलव २९ अङ्कले घटेको नेप्से परिसूचक सोमवार तीन दशमलव ४२ अङ्कले घटेको छ। आजको कारोबारपछि नेप्से परिसूचक एक हजार ८४७ दशमलव ८१ अङ्कमा कायम भएको छ।

आज विभिन्न कम्पनीका २९२ कम्पनीका ३८ लाख ९६ हजार २८७ कित्ता शेयर ४३ हजार ४२८ पटक खरीद–बिक्री हुँदा रु एक अर्ब १९ करोड ७२ लाख ५७ हजार ८९४ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ।

आजको कारोबारमा विकास बैंक समूह शून्य दशमलव ०२, वित्त समूह शून्य दशमलव ५५, जीवन बीमा समूह शून्य दशमलव ९७, म्युचुअल फन्ड शून्य दशमलव १५ र निर्जीवन बीमा समूह शून्य दशमलव ३५ प्रतिशतले बढेका छन्। अरू सबै समूहको उपसूचक घटेका छन्।

सबैभन्दा धेरै बैंकिङ र अन्य समूहको उपसूचक समान शून्य दशमलव ६२ प्रतिशतले घटेका छन्। त्यस्तै, होटल तथा पर्यटन शून्य दशमलव १८, जलविद्युत् शून्य दशमलव १२, लगानी शून्य दशमलव ४८, उत्पादन तथा प्रशोधन शून्य दशमलव ३५, लघुवित्त शून्य दशमलव ०३ र व्यापार समूह शून्य दशमलव ४५ अङ्कले घटेका छन्।

समाज लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य सबैभन्दा धेरै आठ दशमलव ०६ प्रतिशतले बढेको छ भने सबैभन्दा धेरै घट्नेमा एनआरएन इन्फ्रास्ट्रक्चर एन्ड डेभलपमेन्ट लिमिटेड र माउन्टेन इनर्जी नेपाल लिमिटेडको शेयर मूल्यमा समान नौ दशमलव ९९ प्रतिशतको गिरावट देखिएको छ।

कारोबार रकम र कारोबार भएका शेयर सङ्ख्याका आधारमा आज सबैभन्दा धेरै सोनापुर मिनरल्स एन्ड आयल लिमिटेडको रु सात करोड ४६ लाख ३१ हजार ७२३ बराबरको दुई लाख ४८ हजार १९३ कित्ता शेयर किनबेच भएका छन्।

**कोप-२८ ...**

महत्त्वपूर्ण विचारविमर्श भएको छ।

विश्व स्वास्थ्य सङ्गठनका अनुसार विश्वका करीब ९९ प्रतिशत मानिसले प्रदूषित हावामा श्वास फेर्छन्। विश्वभर हरेक वर्ष एक करोड ३० लाखभन्दा बढी मानिसको मृत्यु हावालगायत वातावरणीय कारणले हुने गरेको छ।

प्रदूषित सूक्ष्म कण र नाइट्रोजन डाइअक्साइडको अस्वस्थकर मुख्यतया जीवाश्म इन्धन जलाउँदा उत्पन्न हुन्छ। वायु र सौर्यजस्ता स्वच्छ ऊर्जाका स्रोतहरूलाई बढावा दिँदा जलवायु परिवर्तनलाई कम गर्न मात्र नभई वायु प्रदूषण नियन्त्रण गर्न तथा मानव स्वास्थ्यमा देखिएको समस्या सम्बोधन गर्न पनि सहयोग पुग्नेछ।

नवीकरणीय ऊर्जामा गरिने प्रत्येक डलरको लगानीले जीवाश्म इन्धन उद्योगमा भन्दा तीन गुणा बढी रोजगार सिर्जना हुनेछ। अन्तर्राष्ट्रिय ऊर्जा एजेन्सीके अनुमान शून्य उत्सर्जनतर्फको सङ्क्रमण बढ्दै जाँदा ऊर्जा क्षेत्रको रोजगारमा समेत समग्रमा वृद्धि हुनेछ।

नेपाल सरकारले अगाडि सारेको १२ वर्षे ऊर्जा रणनीतिमा पनि एक हजार मेगावाट बराबरको बिजुली उत्पादनको प्रक्रिया अगाडि बढ्दा झन्डै ३० हजार मानिसले प्रत्यक्ष रोजगार पाउने उल्लेख गरेको छ। सन् २०३५ सम्म २८ हजार मेगावाट बिजुली उत्पादन गर्ने लक्ष्य राखिएको छ। यसबाट दक्ष, अदक्ष र अर्धदक्ष मानिसका लागि पनि उल्लेख्य मात्रामा रोजगारका अवसर सिर्जना हुनेछन्।

**एनसेल ...**

हो कि होइन ? हाम्रो ऐन कानून अनुसार भएको छ कि छैन ? यसले सरकारी आय र राजस्वमा के प्रभाव पार्छ ? सेवाप्रवाहमा के असर गर्छ ? लगायत विषयमा सम्बन्धित निकायसँग जानकारी मागिएको छ," सभापति पोखरेलले भने।

दूरसञ्चार नियमावली, २०५४ को नियम १५ (ट) बमोजिम चुक्ता पूँजीको प्रतिशत शेयर खरीद–बिक्री गर्नुअघि नेपाल दूरसञ्चार प्राधिकरणको स्वीकृति लिनुपर्ने व्यवस्था छ। त्यस्तै, नेपाल दूरसञ्चार प्राधिकरण विनियमावली, २०७६ को विनियम ४ (क)मा शेयरधनीको शेयर खरीद–बिक्री वा नामसारी गर्नुपूर्व प्राधिकरणको अनुमति वा स्वीकृति प्राप्त गर्नुपर्ने कानूनी प्रावधान रहेको छ। आजियटाले यो प्रक्रिया पूरा गरे/नगरेकोबारे लेखा समितिले प्राधिकरणसँग जवाफ मागेको छ।

त्यस्तै, निकै कम रकममा शेयर कारोबार भएको देखिएपछि यो व्यावसायिक सम्झौता थप शङ्का गर्ने ठाउँ देखिएको छ। सन् २०१६ मा तत्कालीन माउ कम्पनी स्वीडेनको टेलियासोनेराले एनसेलमा रहेको ८० प्रतिशत शेयर रु एक अर्ब ३६ करोड ५० लाख अमेरिकी डलर अर्थात् रु एक खर्ब ४४ अर्ब सात करोडमा मलेशियाली कम्पनी आजियटालाई बिक्री गरेको थियो। तर अहिले सोही शेयर पाँच करोड डलर अर्थात् रु साढे छ अर्बमा बिक्री भएको छ।

त्यस्तै, यो कारोबारमा आयकर ऐन, २०५८ अनुसार पूँजीगत लाभकरसम्बन्धी व्यवस्थालाई कसरी सम्बोधन गरिएको छ भन्ने पनि स्पष्ट छैन। रु पाँच करोडभन्दा बढी चुक्ता पूँजी भएको दूरसञ्चार सेवाप्रदायक कम्पनी दुई वर्षभित्र पब्लिक लिमिटेड कम्पनीमा परिणत भई यस्तो कम्पनीले शेयर कारोबार गर्न नेपाल धितोपत्र बोर्डमा सूचीकृत हुनुपर्नेमा सो सम्बन्धमा एनसेल नेपाल धितोपत्र बोर्डमा सूचीकृत भएको छैन। यसबारे पनि लेखा समितिले प्रश्न गरेको छ।

"नेपालको कर प्रणाली छलेर भएको शेयर खरीद–बिक्री वा हक हस्तान्तरण नेपालका नियमनकारी संस्थाहरूलाई जानकारी नै नदिइकन भएको भन्ने सुनिन आएकाले यो खरीद–बिक्रीको प्रक्रिया र पारदर्शितामाथि सम्बन्धित नियमनकारी निकायको के भनाइ रहेको छ ?" लेखा समितिले आन्तरिक राजस्व विभाग, दूरसञ्चार प्राधिकरण र कम्पनी रजिस्ट्रारको कार्यालयलाई पठाइएको पत्रमा भनिएको छ, "छ वर्षपछि कानूनबमोजिम नै नेपाल सरकारको स्वामित्वमा आउने सुनिश्चित हुँदाहुँदै सोलाई समेत असर पर्न सक्ने गरी भएको अहिलेको कारोबारलाई अनुमति वा स्वीकृति प्रदान गर्ने, नगर्ने सम्बन्धमा नियमनकारी निकायको भनाइ के रहेको छ ? यदि नेपालको नियमनकारी निकायले अनुमति नदिएको अवस्थामा सो कारोबारको वैधानिकता के हुन्छ ?"

आजियटाले भने व्यवसायमा न्यून प्रतिफलको प्रत्याभूति, झन्झटिलो कर प्रशासन, नियमनकारी निकायको असहयोग, लाइसेन्सको म्याद सकिएपछिको अवस्थामा सरकारले स्वामित्व ग्रहण गर्नेलगायत विषयलाई कारण देखाउँदै स्वामित्व बिक्री गर्ने उल्लेख गरेको छ।

रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसो ३:४० बजे

# चारवटा वडामा सुशासन समितिको अनुगमन

प्रस, वीरगंज, १८ मङ्सिर/

वीरगंज महानगरपालिकाले वडा कार्यालयहरूको कार्य अझ प्रभावकारी बनाउन सुशासन तथा संस्थागत विकास समितिले वडा समितिहरूको अनुगमनलाई निरन्तरता दिएको छ।

वीरगंज महानगरपालिकाद्वारा गठित समितिका संयोजक प्रदीप चौरसियाले बताए। वडामा कर्मचारीको उपस्थिति, सेवाप्रवाहको अवस्था, राजस्व सङ्कलनलगायतका विषयमा जानकारी लिएको समितिका संयोजक चौरसियाले बताए।

कतिपय वडामा कर्मचारी अभाव आगामी दिनमा यस्तो कार्य नदोहोरिने गरी संयन्त्र तयार गरिएको महानगरको प्रशासन महाशाखा प्रमुख राजकृष्ण ताम्राकारले बताए।

३२ वटै वडामा दैनिकरूपमा अनुगमन गर्ने र अहिलेसम्म आधाभन्दा बढी वडाहरूको अनुगमन गरिसकेको उनले



वडामा अनुगमन गर्दै टोली।

सुशासन तथा संस्थागत विकास समितिले सोमवार महानगरका चारवटा वडाको सेवाप्रवाहबारे अनुगमन गरेर जानकारी लिएको थियो। आज वडा नं १७, १९, २४ र २५ को अनुगमन गरिएको थियो।

वडाहरूमा अझ प्रभावकारी कार्य तथा सेवा दिलाउन अनुगमन गरिएको हुँदा सेवाप्रवाहमा समस्या आएको र कतिपय स्थानमा राजस्व सङ्कलनमा समेत समस्या देखिएकाले वास्तविकता यकीन गर्न अनुगमन गर्दै आएको उनले बताए।

वडामा सङ्कलन हुने राजस्व साप्ताहिकरूपमा दाखिला गराउनुपर्नेमा कतिपयले दाखिला नगरेको देखिएको र बताए।

नगरप्रमुख राजेशमान सिंहले जनप्रतिनिधि रहने वडा कार्यालयमा नै सेवाग्राहीले सास्ती पाएको तथा राजस्व सङ्कलनमा समस्या देखिएको गुनासो आएपछि अनुगमन समितिलाई परिचालित गरी अनुगमन शुरू गराएको बताए।

संयोजक चौरसियाको नेतृत्वमा प्रशासन महाशाखा प्रमुख ताम्राकार, नगरप्रमुखका सचिवालय सल्लाहकार हरि पोखरेल, प्रेस सल्लाहकार महेश दासलगायतको सहभागिता थियो।

नगरप्रमुख सिंहले एक साताअघि महानगरका १७ वटा विषयगत समितिहरू भङ्ग गरेका थिए। तर सोही दिन वडाध्यक्ष चौरसिया संयोजक रहेको सुशासन समितिलाई भने कायम राखिएको नगरप्रमुखका प्रेस सल्लाहकार दासले बताए।


## सुशासन किन ?

- कानूनी राज्य र विधिको शासन स्थापना गर्न,
- पारदर्शिता र जवाफदेहिताको प्रवर्द्धन गर्न,
- भ्रष्टाचार र अनुशासनहीनताको रोकथाम र नियन्त्रण गर्न,
- मानव अधिकारको प्रत्याभूति गर्न,
- सार्वजनिक सेवामा नागरिक अधिकार कायम गर्न,
- जनसहभागिता प्रवर्द्धन गर्न,
- जनमुखी र सक्षम प्रशासनयन्त्र स्थापना गर्न,
- सेवाप्रवाहलाई सरल, सहज र प्रभावकारी बनाउन।

नेपाल सरकार
विज्ञापन बोर्ड





**अस्पताल ...**

प्रमुख व्यवस्थापक नागेश्वर चौधरीलाई बेन्च हस्तान्तरण गरेका थिए।

कार्यक्रममा अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा प्रवीण बस्नेत, लेखा अधिकृत पवन न्यौपाने, बैंकका सहायक शाखा प्रमुख प्रवीणकुमार सिंहलगायतको सहभागिता थियो।

**हिमालयन ...**

निर्वाचित भएका हुन्।

निर्वाचन परिणाम घोषणापछि आयोजित विजयसभामा समग्र उद्योग ट्रेड युनियन नेपाल, पर्साका अध्यक्ष आनन्द थामी, जिफन्ट मधेस प्रदेशका अध्यक्ष कमलेश झा, सचिव मुक्ति चौधरी, प्रदेश उपाध्यक्ष रामतपसी पटेलले बधाई तथा शुभकामना व्यक्त गरे। विजयसभाको सहजीकरण दीपक बाँस्कोटाले गरेका थिए।

# खेलकूदको संसार

## महिला क्रिकेट छनोटको उपाधि काठमाडौंलाई

भरतपुर (चितवन) १८ मङ्सिर/रासस

प्रधानमन्त्री कपका लागि भएको बाग्मती प्रदेश महिला क्रिकेट छनोट प्रतियोगिताको उपाधि काठमाडौंले हात पारेको छ।

चितवनको गौतमबुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रङ्गशालामा सोमवार भएको ललितपुर र काठमाडौंबीचको फाइनल खेलमा ललितपुरलाई चार विकेटले पराजित गर्दै काठमाडौं क्रिकेट सङ्घले उपाधि हात पारेको हो।

सुरुआती ब्याटिङ गरेको ललितपुरले नौ विकेटको क्षतिमा ५४ रन बनाएको थियो। जवाफी ब्याटिङ गरेको काठमाडौंले १६ दशमलव एक ओभरमा छ विकेटको क्षतिमा लक्ष्य पूरा गरेर उपाधि हात पार्‍यो।

प्रतियोगिताको समापन गर्दै भरतपुर महानगरपालिकाकी प्रमुख रेनु दाहालले गौतमबुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रङ्गशालामा अब नियमित खेल गतिविधि हुने बताइन्। उनले नियमित खेल गर्न सङ्घ, प्रदेश र भरतपुर महानगरपालिकाबीच केही दिनमा सम्झौता हुने जानकारी दिइन्।

रङ्गशालामा खेल गतिविधि नियमित गर्न एक चरणको छलफल र सहमति भइसकेको नगरप्रमुख दाहालले बताइन्। क्रिकेट रङ्गशालाको पहिलो चरणको निर्माण कार्यका लागि ७० प्रतिशत बाग्मती प्रदेश र ३० प्रतिशत भरतपुर महानगर गर्ने सहमति भएको छ। पहिलो चरणमा रु ७५ करोडको काम हुने जनाइएको छ।

"क्रिकेट रङ्गशाला बन्नेमा दुई मत छैन," उनले भनिन्, "केही दिनभित्र जग्गाको स्वामित्वको विषयमा दुई विश्वविद्यालयबाट सहमतिपत्र आउँदैछ। एक महीनाभित्र निर्माण शुरू गर्ने गरी टेन्डरको काम हुँदैछ।" नगरप्रमुख दाहालले क्रिकेट रङ्गशालाका अन्य संरचनालाई पनि सञ्चालन हुनेगरी सरसफाइको कार्य अघि बढ्ने बताइन्।

नेपाल क्रिकेट सङ्घका केन्द्रीय सचिव तथा बाग्मती प्रदेशका अध्यक्ष पारस खड्काले निकट भविष्यमा गौतमबुद्ध क्रिकेट रङ्गशालामा अन्तर्राष्ट्रिय खेल खेल्ने सम्भावना बढ्दै गएको उल्लेख गरे।

## फूटबल : काठमाडौं र झापाको खेल बराबरीमा सकियो

काठमाडौं, १८ मङ्सिर/रासस

नेपाल सुपर लिग (एनएसएल) फूटबल प्रतियोगिता अन्तर्गत सोमवार भएको खेलमा काठमाडौं रेजर्स फूटबल क्लब र झापा फूटबल क्लबबीचको खेल बराबरीमा सकिएको छ।

त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा भर्खरै सम्पन्न खेलमा काठमाडौं र झापाले गोलरहित बराबरी खेल्दै एक/एक अङ्क बाँडेका छन्। खेलका विभिन्न समयमा दुवै टोलीले गोल गर्ने अवसर सिर्जना गरे तापनि दुवै टोलीले गोल गर्न सकेनन् र अन्ततः खेल गोलरहित बराबरीमा टुङ्गियो। यस बराबरी खेलसँगै काठमाडौंले तीन खेलमा पाँच अङ्क जोडेको छ। काठमाडौंले पहिलो खेलमा स्पोर्टिङ इलामलाई हराएको थियो भने दोस्रो खेलमा एफसी चितवनसँग बराबरी खेलेको थियो।

त्यस्तै, समान तीन खेल खेलेको झापाले दुई अङ्क जोडेको छ। पहिलो खेलमा इलामसँग पराजित भएको झापाले दोस्रो खेलमा पोखरासँग बराबरी खेलेको थियो। भोलि दशरथ रङ्गशालामा ललितपुर सिटी फूटबल क्लब र वीरगंज युनाइटेडबीच खेल हुनेछ।

## मार्चमा विश्वकै लामो र्या□टङ प्रतियोगिता हुने

काठमाडौं, १७ मङ्सिर/रासस

नेपाल एशोसिएशन अफ र्याफ्टिङ एजेन्सिज (नारा), नेपाल नदी संरक्षण संस्था (एनआरसिटी) र कर्णाली बेसिन संरक्षण प्रतिष्ठानको आयोजनामा आगामी मार्चमा विश्वकै लामो र्याफ्टिङ प्रतियोगिता आयोजना हुने भएको छ।

पत्रकार सम्मेलनमा आयोजक नाराले आगामी मार्च ८ देखि १३ सम्म विश्वकै सबैभन्दा लामो २४८ किलोमिटर 'राफ्ट दौड प्रतियोगिता, द ग्रेट कर्णाली क्वेस्ट-२०२४' प्रतियोगिता आयोजना गर्न लागेको जानकारी दिएको छ।

द ग्रेट कर्णाली क्वेस्टका अध्यक्ष मेघ आलेले दैलेखको आठबिसकोट नगरपालिकाको राकम कर्णालीबाट कैलालीको दौलतपुर घाटसम्म २४८ किलोमिटर राफ्ट दौड गर्न लागिएको जानकारी दिए। उनले द ग्रेट कर्णाली क्वेस्ट दौडले कर्णालीको पहिचान, आर्थिक र पर्यटन विकासलाई समेत जोड्ने उल्लेख गरे। नाराका अध्यक्ष शिव अधिकारीले नेपालको पर्यटन क्षेत्रको विकासका लागि द ग्रेट कर्णाली क्वेस्ट राफ्ट दौडले सहयोग पुग्ने विश्वास व्यक्त गरे।

प्रतियोगितामा १६ टोली दर्ताका लागि फेब्रुअरी ५ देखि २४ सम्म खुला गरिएको छ। प्रतियोगितामा हालसम्म छवटा अन्तर्राष्ट्रिय टीम सहभागी हुने निश्चित भइसकेको आयोजकले जनाएको छ। यसअघि नोभेम्बर २३ देखि २८ का लागि तय गरिएको 'द ग्रेट कर्णाली क्वेस्ट' जाजरकोट भूकम्पका कारण स्थगन भएको थियो।

# एनसेलको शेयर खरीद-बिक्री शङ्काको घेरामा

काठमाडौं, १८ मङ्सिर/रासस

दूरसञ्चार सेवाप्रदायक कम्पनी एनसेल आजियटा लिमिटेडको शेयर स्वामित्व खरीद-बिक्री विवाद र शङ्काको घेरामा परेको छ।

मलेशियन कम्पनी 'आजियटा ग्रुप बर्हाड'ले गत शुक्रवार एनसेलको ८० प्रतिशत शेयर स्वामित्व अर्को कम्पनी 'स्पेक्ट्रलाइट युके लिमिटेड'लाई बेच्ने निर्णय गरेपछि उक्त व्यावसायिक कारोबार सम्झौताले नेपालमा तरङ्ग पैदा भएको छ। राज्यका निकायलाई समेत जानकारी नहुने गरी मुलुकबाहिरबाट शेयर खरीद-बिक्री भएको भन्दै यो व्यावसायिक कारोबारको कानूनी प्रक्रिया र आर्थिक पारदर्शितामाथि प्रश्न उठेका हुन्।

एनसेलको स्वामित्व खरीद-बिक्री भएको विषयमा सार्वजनिक लेखा समितिले पनि चासो देखाएको छ। समितिले एनसेल खरीद-बिक्रीका विषयमा जानकारी मागसहित आन्तरिक राजस्व विभाग, कम्पनी रजिस्ट्रारको कार्यालय र नेपाल दूरसञ्चार प्राधिकरणलाई पत्र पठाएको समितिका सचिव एकराम गिरीले पुष्टि गरे।

एनसेलको शेयर खरीद-बिक्रीमा देखिएका प्रश्न र शङ्काबारे सरकारले जवाफ दिनुपर्ने सार्वजनिक लेखा समितिका सभापति ऋषिकेश पोखरेल बताउँछन्। "यो खरीद-बिक्रीका सन्दर्भमा नागरिकस्तरबाट प्रश्न उठिरहेका छन्। सरकार उत्तरदायी र नागरिकका प्रश्नमाथि जवाफदेही हुनुपर्छ," उनले भने, "यो खरीद-बिक्री प्रक्रिया विधिसम्मत

(बाँकी तेस्रो पातामा)



पर्सा राष्ट्रिय निकुञ्ज विस्तार र बकैयाखोलामा नदीउकास क्षेत्र बढेसँगै निजगढ-४ कछडियाटोलनजीकैको नदीउकास क्षेत्रमा हिजो आइतवार साँझ देखिएको वन्यजन्तु नीलगाई। तस्वीरः जीतलाल श्रेष्ठ